**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

# बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः क संख्याः ८ प्रमाणीकरण मितिः २०८२/०९/१२

**भाग-१**
**बढैयाताल गाउँपालिका**
**२०८२ सालको ऐन नं.५**

# बढैयाताल गाउँपालिकाको पर्यटन प्रवर्द्धन ऐन, २०८२

**प्रस्तावना**

बढैयाताल गाउँपालिकाभित्र अवस्थित बढैयातालसहित अन्य तालहरू, धार्मिक तथा आध्यात्मिक स्थलहरू, मौलिक भाषा,साहित्य, कला, संस्कृति, चाडपर्व, परम्परा, ऐतिहासिक स्थान, प्राकृतिक सौन्दर्य तथा स्थानीय परिवेशलाई पर्यटनको माध्यमबाट प्रवर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गर्ने, स्थानीय रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्ने तथा स्थानीय अर्थतन्त्र सुदृढ गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बढैयाताल गाउँसभाबाट यो ऐन जारी गरेको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "बढैयाताल गाउँपालिकाको पर्यटन प्रवर्द्धन ऐन, २०८२" हुनेछ।

(२) यो ऐन गाउँसभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

यस ऐनमा, सन्दर्भले अन्यथा नबुझाएसम्म'

(क) "गाउँपालिका" भन्नाले बढैयाताल गाउँपालिका सम्झनु पर्छ।

(ख) “पर्यटन प्रवर्द्धन” भन्नाले पर्यटक आकर्षणका लागि गरिने प्रचार—प्रसार, कार्यक्रम, सेवा विस्तार तथा सहकार्यसम्बन्धी कार्य सम्झनु पर्छ।

(ग) “ताल” भन्नाले बढैयातालसहित गाउँपालिकाभित्र रहेका अन्य प्राकृतिक वा कृत्रिम ताल सम्झनु पर्छ।

(घ) “धार्मिक स्थल” भन्नाले मन्दिर, पूजा स्थल, आस्था र विश्वाससँग सम्बन्धित स्थान सम्झनु पर्छ।

(ङ) “सांस्कृतिक स्थल” भन्नाले जातजातिको संस्कृति, चाडपर्व, भेषभूषा, कला, परम्परा तथा ऐतिहासिक वा सांस्कृतिक महत्व बोकेको स्थान वा गतिविधि सम्झनु पर्छ।

(च) “पर्यटकीय स्थल” भन्नाले ताल, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक वा अन्य पर्यटन सम्भावना भएका स्थान सम्झनु पर्छ।

(छ) “जल—पर्यटन” भन्नाले ताल, जलाशय वा जल क्षेत्रलाई आधार मानी सञ्चालन गरिने डुंगा सयर, क्यानोइङ, जल अवलोकन तथा सम्बन्धित पर्यटन गतिविधि सम्झनु पर्छ।

(ज) “होमस्टे” भन्नाले स्थानीय घरपरिवारद्वारा पर्यटकलाई आवास, खानपान तथा स्थानीय जीवनशैलीको अनुभव प्रदान गर्ने पर्यटन सेवा सम्झनु पर्छ।

(झ) “पर्यटन क्षेत्र” भन्नाले यस ऐनबमोजिम गाउँपालिकाद्वारा घोषणा गरिएको पर्यटन सम्भावना भएको क्षेत्र सम्झनु पर्छ।

(ञ) “निजी क्षेत्र” भन्नाले पर्यटनसम्बन्धी सेवा, लगानी वा व्यवसाय सञ्चालन गर्ने निजी व्यक्ति, कम्पनी, सहकारी संस्था वा अन्य गैरसरकारी निकाय सम्झनु पर्छ।

(ट) “पर्यटन प्रवर्द्धन कोष” भन्नाले यस ऐनबमोजिम स्थापना गरिएको कोष सम्झनु पर्छ।

(ठ) “सार्वजनिक-निजी साझेदारी” भन्नाले गाउँपालिका र निजी क्षेत्रबीच सम्झौताका आधारमा संयुक्त रूपमा सञ्चालन गरिने पर्यटन विकास तथा व्यवस्थापन प्रणाली सम्झनु पर्छ।

ड) “भाषा तथा साहित्य ”भन्नाले स्थानीय भाषिक अभिव्यक्ति, लोकसाहित्य, लेखन, काव्य, कथा, नाटक तथा मौखिक परम्परा सम्झनु पर्छ।

(ढ) कला ”भन्नाले चित्रकला, मूर्तिकला, हस्तकला, संगीत, नृत्य तथा अन्य सिर्जनात्मक अभिव्यक्ति सम्झनु पर्छ।

## परिच्छेद-२

## पर्यटन प्रवर्द्धनसम्बन्धी व्यवस्था

### ३. बढैयाताल तथा अन्य तालहरूको पर्यटन प्रवर्द्धन

३.१. जल-पर्यटन प्रवर्द्धन

३.१.१. बढैयाताललाई गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास तथा प्रवर्द्धन गरिनेछ।

३.१.२. डुंगा सयर, पैडल डुंगा, क्यानोइङ, प्राकृतिक अवलोकन, ताल वरिपरि पदमार्ग जस्ता गतिविधिलाई पर्यटनका रूपमा प्रवर्द्धन गर्न सकिनेछ।

३.१.३. जल-पर्यटन सञ्चालन गर्दा धार्मिक आस्था, स्थानीय संस्कृति, सामाजिक मर्यादा तथा जनसुरक्षामा प्रतिकूल असर नपर्ने व्यवस्था मिलाइनेछ।

३.१.४. जल-पर्यटनसम्बन्धी गतिविधि सञ्चालनका लागि गाउँपालिकाले आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ।

३.२. होमस्टे तथा सामुदायिक पर्यटन प्रवर्द्धन

३.२.१. स्थानीय समुदायको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न गाउँपालिकाले होमस्टे पर्यटन प्रवर्द्धन गर्नेछ।

३.२.२. स्थानीय जीवनशैली, संस्कृति, खानपान र परम्परा झल्किने गरी होमस्टे सञ्चालनलाई प्राथमिकता दिइनेछ।

३.२.३. होमस्टे पर्यटनलाई बढैयाताल, धार्मिक स्थल तथा सांस्कृतिक कार्यक्रमसँग आबद्ध गरी प्रचार-प्रसार गरिनेछ।

३.२.४. महिला, युवा तथा स्थानीय परिवारलाई होमस्टे व्यवसायमा संलग्न गराउन क्षमता विकास, तालिम तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**४. धार्मिक पर्यटन प्रवर्द्धन**

४.१. गाउँपालिकाभित्र रहेका धार्मिक, आध्यात्मिक तथा आस्थासँग सम्बन्धित स्थलहरूको पर्यटन प्रवर्द्धन गरिनेछ।

४.२. धार्मिक मेला, जात्रा, पर्व, पूजा तथा अन्य धार्मिक अनुष्ठानलाई पर्यटन आकर्षणका रूपमा प्रचार-प्रसार गर्न सकिनेछ।

४.३. धार्मिक स्थलको ऐतिहासिक, सांस्कृतिक तथा आध्यात्मिक महत्व उजागर गर्ने उद्देश्यले सूचना सामग्री प्रकाशन तथा प्रसारण गरिनेछ।

४.४. धार्मिक आस्था, परम्परा तथा सामाजिक मूल्य-मान्यतामा प्रतिकूल असर नपर्ने गरी पर्यटन गतिविधि सञ्चालन गरिनेछ।

४.५. धार्मिक पर्यटन प्रवर्द्धनका क्रममा सम्बन्धित गुठी, व्यवस्थापन समिति वा स्थानीय समुदायसँग समन्वय गरिनेछ।

**५. सांस्कृतिक पर्यटन प्रवर्द्धन**

५.१. गाउँपालिकाभित्र रहेका विभिन्न जातजाति तथा समुदायका मौलिक संस्कृति, लोकनृत्य, लोकगीत, भेषभूषा, परम्परागत खानपान, हस्तकला तथा चाडपर्वलाई पर्यटन प्रवर्द्धनका प्रमुख आधारका रूपमा विकास गरिनेछ।

५.२. सांस्कृतिक महोत्सव, प्रदर्शनी, सांस्कृतिक आदान-प्रदान कार्यक्रम तथा पर्यटन लक्षित सांस्कृतिक कार्यक्रम आयोजना गर्न सकिनेछ।

५.३. स्थानीय कलाकार, साहित्यकार, संस्कृतिकर्मी तथा परम्परागत सीपधारी व्यक्तिहरूलाई पर्यटन गतिविधिसँग आबद्ध गराई प्रोत्साहन गरिनेछ।

५.४. सांस्कृतिक सम्पदाको मौलिकता र गरिमा कायम राख्दै पर्यटन प्रवर्द्धन गरिनेछ।

५.५. स्थानीय भाषा कला साहित्यको प्रवर्द्धन गरिनेछ।

**६. स्थान-विशेष तथा स्थानीय परिवेशअनुसार पर्यटन प्रवर्द्धन**

६.१. गाउँपालिकाका भौगोलिक अवस्था, प्राकृतिक संरचना, सामाजिक संरचना तथा सांस्कृतिक विविधतालाई आधार मानी स्थान-विशेष पर्यटन कार्यक्रम सञ्चालन गरिनेछ।

६.२. ग्रामीण जीवनशैली, कृषि-आधारित गतिविधि, स्थानीय परिकार, परम्परागत पेशा तथा जीवनपद्धतिलाई पर्यटन अनुभवसँग जोड्न सकिनेछ।

६.३. पर्यटन कार्यक्रम सञ्चालन गर्दा स्थानीय जीवनशैली, मूल्य-मान्यता, परम्परा तथा सामाजिक सद्भावमा प्रतिकूल प्रभाव नपर्ने सुनिश्चित गरिनेछ।

६.४. आवश्यकता अनुसार गाउँपालिकाले पर्यटन प्रवर्द्धनसम्बन्धी वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्नेछ।

## परिच्छेद-३

## प्रचार-प्रसार तथा सहकार्य

### ७. पर्यटन प्रचार-प्रसार

७.१. गाउँपालिकाले बढैयाताल गाउँपालिकाभित्र रहेका ताल, धार्मिक स्थल, सांस्कृतिक तथा अन्य पर्यटकीय क्षेत्रहरूको प्रचार-प्रसारका लागि सूचना सामग्री, ब्रोसर, पुस्तिका, नक्सा, भिडियो सामग्री, वेबसाइट, सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, छापा तथा विद्युतीय मिडियालगायतका उपयुक्त माध्यम प्रयोग गर्नेछ।

७.२. गाउँपालिकाले पर्यटन प्रवर्द्धनका लागि गाउँपालिकाको पर्यटनसम्बन्धी विवरण, तथ्याङ्क, इतिहास, सांस्कृतिक पहिचान तथा पर्यटन सम्भावनासम्बन्धी सामग्री संकलन, अभिलेखीकरण तथा प्रकाशन गर्न सक्नेछ।

७.३. गाउँपालिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका पर्यटन मेला, प्रदर्शनी, गोष्ठी तथा सम्मेलनमा सहभागिता जनाई गाउँपालिकाको पर्यटन सम्भावनाको प्रचार—प्रसार गर्न सक्नेछ।

७.४. गाउँपालिकाले पर्यटन प्रवर्द्धनका लागि आफ्नो छुट्टै पर्यटन ब्रान्ड, पहिचान चिन्ह, नारा, तथा प्रवर्द्धन सामग्री विकास गर्न सक्नेछ।

७.५. पर्यटन प्रचार-प्रसार कार्यमा संघ, प्रदेश सरकार, निजी क्षेत्र, पर्यटन व्यवसायी, सञ्चार माध्यम, गैरसरकारी संस्था तथा अन्य सरोकारवाला निकायसँग आवश्यक सहकार्य, समन्वय तथा साझेदारी गर्न सकिनेछ।

७.६. गाउँपालिकाले पर्यटन प्रवर्द्धनसम्बन्धी सूचना तथा सामग्रीको अद्यावधिक, व्यवस्थापन र प्रभावकारिता मूल्याङ्कन गर्न सक्नेछ।

### ८. स्थानीय सहभागिता

८.१. गाउँपालिकाले पर्यटन प्रवर्द्धनसम्बन्धी नीति, योजना, कार्यक्रम तथा गतिविधिमा स्थानीय समुदायको अर्थपूर्ण र समावेशी सहभागिता सुनिश्चित गर्नेछ।

८.२. महिला, युवा, दलित, जनजाति तथा आर्थिक रूपमा पछाडि परेका समुदायलाई पर्यटन प्रवर्द्धनका कार्यक्रममा प्राथमिकताका साथ सहभागी गराइनेछ।

८.३. स्थानीय समूह, सहकारी संस्था, सामुदायिक संगठन, आमा समूह, युवा क्लब तथा अन्य स्थानीय संस्थालाई पर्यटनसम्बन्धी कार्यक्रम सञ्चालनमा सहभागी हुन प्रोत्साहन गरिनेछ।

८.४. पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यक्रमबाट सिर्जना हुने रोजगारी, सीप विकास तथा आयआर्जनका अवसरमा स्थानीय बासिन्दालाई प्राथमिकता दिइनेछ।

८.५. पर्यटन प्रवर्द्धनका क्रममा स्थानीय संस्कृति, सामाजिक सद्भाव, परम्परा तथा जीवनशैलीको सम्मान हुने व्यवस्था मिलाइनेछ।

८.६. गाउँपालिकाले स्थानीय सहभागिता अभिवृद्धिका लागि आवश्यक क्षमता विकास, अभिमुखीकरण तथा तालिम कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद-४

## पर्यटन प्रवर्द्धन समिति

### ९. पर्यटन प्रवर्द्धन समिति गठन

९.१. बढैयाताल गाउँपालिकाभित्र पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यलाई व्यवस्थित, प्रभावकारी तथा समन्वित रूपमा सञ्चालन गर्न गाउँपालिकामा "पर्यटन प्रवर्द्धन समिति" गठन गरिनेछ।

९.२. समितिको गठन देहायबमोजिम हुनेछः

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) पालिकाको पर्यटन विषय हेर्ने कार्यपालिका सदस्य - सदस्य

(ङ) प्रत्येक वडा अध्यक्षमध्येबाट गाउँ कार्यपालिकाले तोकेको कम्तीमा एक जना-सदस्य

(च) स्थानीय पर्यटन व्यवसायीमध्येबाट एक जना - सदस्य

(छ) स्थानीय सांस्कृतिक/धार्मिक/साहित्यका क्षेत्रका प्रतिनिधि एक जना महिला सहित ३ जना - सदस्य

(ज) पर्यटन शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

९.३. समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ, सरोकारवाला वा सम्बन्धित व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

### १०. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) पर्यटन प्रवर्द्धनसम्बन्धी नीति, योजना तथा वार्षिक कार्यक्रम तर्जुमा गरी गाउँ कार्यपालिकामा सिफारिस गर्ने।

(ख) बढैयाताल, अन्य ताल, धार्मिक स्थल, सांस्कृतिक तथा प्राकृतिक पर्यटन क्षेत्रहरूको प्रचार-प्रसारसम्बन्धी कार्यक्रम सञ्चालन तथा समन्वय गर्ने।

(ग) पर्यटन प्रवर्द्धनका लागि आवश्यक कार्ययोजना तयार गरी कार्यान्वियन गर्ने तथा गराउने।

(घ) पर्यटनसम्बन्धी तथ्याङ्क संकलन, अभिलेखीकरण तथा अद्यावधिक गर्ने।

(ङ) पर्यटनसम्बन्धी कार्यक्रम, मेला, महोत्सव तथा प्रवर्द्धन अभियान सञ्चालन गर्ने वा गराउने।

(च) पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने।

(छ) स्थानीय समुदाय, निजी क्षेत्र तथा सरोकारवाला निकायसँग सहकार्य तथा साझेदारी गर्ने।

(ज) पर्यटन प्रवर्द्धन कोषको उपयोगसम्बन्धी सिफारिस गर्ने।

(झ) पर्यटन प्रवर्द्धनसम्बन्धी अन्य आवश्यक कार्य गर्ने वा गराउने।

**११. समितिको बैठकसम्बन्धी व्यवस्था**

११.१. समितिको बैठक आवश्यकताअनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

११.२. समितिको बैठक कम्तीमा प्रत्येक चार महिनामा एक पटक बस्नेछ।

११.३. सदस्य संख्याको बहुमत उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ।

११.४. बैठकको निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट हुनेछ।

११.५. समितिको निर्णय सदस्य सचिवले अभिलेखीकरण गरी सुरक्षित राख्नेछ।

**१२. उपसमिति गठन**

समितिले आवश्यकता अनुसार विशेष कार्यका लागि उपसमिति गठन गर्न सक्नेछ।

## परिच्छेद-५

## पर्यटन क्षेत्र घोषणा तथा व्यवस्थापन

**१३. पर्यटन क्षेत्र घोषणा**

१३.१. गाउँपालिकाले बढैयातालसहित अन्य ताल, धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा ऐतिहासिक महत्वका स्थानलाई पर्यटन क्षेत्र घोषणा गर्न सक्नेछ।

१३.२. पर्यटन क्षेत्र घोषणा गर्दा उक्त क्षेत्रको भौगोलिक सिमाना, विशेषता, पर्यटन सम्भावना तथा स्थानीय परिवेशलाई आधार मानिनेछ।

१३.३. पर्यटन क्षेत्र घोषणा सम्बन्धी निर्णय गाउँ कार्यपालिकाको सिफारिसमा गाउँसभाबाट स्वीकृत हुनेछ।

१३.४. पर्यटन क्षेत्र घोषणा पश्चात् उक्त क्षेत्रको विवरण सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराइनेछ।

**१४. पर्यटन क्षेत्र व्यवस्थापन**

१४.१. घोषणा गरिएको पर्यटन क्षेत्रको व्यवस्थापन, प्रवर्द्धन तथा समन्वयको जिम्मेवारी गाउँपालिकाको हुनेछ।

१४.२. पर्यटन क्षेत्र व्यवस्थापन गर्दा स्थानीय समुदाय, सरोकारवाला निकाय तथा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरिनेछ।

१४.३. पर्यटन क्षेत्रभित्र सञ्चालन हुने गतिविधि स्थानीय सामाजिक, धार्मिक तथा सांस्कृतिक मर्यादा अनुरूप हुनेछ।

१४.४ पर्यटन क्षेत्र व्यवस्थापनसम्बन्धी विस्तृत कार्यविधि गाउँ कार्यपालिकाले निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-६

## ताल तथा जलाशय व्यवस्थापनसम्बन्धी व्यवस्था

**१५. ताल क्षेत्रमा सहअस्तित्वमा आधारित उपयोग**

१५.१. बढैयातालसहित गाउँपालिकाभित्र रहेका ताल तथा जलाशय क्षेत्रलाई पर्यटन प्रवर्द्धनका साथै स्थानीय जीविकोपार्जनसँग सहअस्तित्वमा आधारित रूपमा उपयोग गरिनेछ।

१५.२. ताल क्षेत्रमा पर्यटन, धार्मिक गतिविधि तथा परम्परागत जीविकोपार्जनका कार्यबीच समन्वय कायम गरिनेछ।

**१६. तालमा माछापालनसम्बन्धी व्यवस्था**

१६.१. बढैयातालसहित अन्य तालमा स्थानीय समुदायको जीविकोपार्जनका लागि माछापालन गर्न सकिनेछ।

१६.२. माछापालन कार्य सञ्चालन गर्दा पर्यटन गतिविधि, धार्मिक आस्था, तालको सौन्दर्य तथा सामाजिक मर्यादामा प्रतिकूल असर नपर्ने व्यवस्था मिलाइनेछ।

१६.३. गाउँपालिकाबाट तोकिएको मापदण्ड तथा कार्यविधि अनुसार निजी क्षेत्रको साझेदारीमा तालमा माछापालन गर्न व्यवस्था मिलाइनेछ।

१६.४. माछापालन र पर्यटन गतिविधिबीच द्वन्द्व नहुने गरी समय, क्षेत्र वा विधि तोक्न सकिनेछ।

१६.५. गाउँपालिकाले आवश्यक ठानेमा माछापालन कार्यलाई पर्यटनसँग आबद्ध गरी पर्यटन अनुभव (जस्तैः स्थानीय माछा परिकार, अवलोकन) का रूपमा प्रवर्द्धन गर्न सक्नेछ।

**१७. समन्वय तथा नियमन**

१७.१. ताल क्षेत्रभित्र पर्यटन तथा माछापालनसम्बन्धी गतिविधि सञ्चालन गर्दा गाउँपालिकाले आवश्यक कार्यविधि बनाई लागू गर्नेछ।

१७.२. तालको दीगो उपयोग सुनिश्चित गर्न गाउँपालिकाले सरोकारवाला निकायसँग सहकार्य गर्न सक्नेछ।

## परिच्छेद-७

## निजी क्षेत्रसँग साझेदारी तथा लगानीसम्बन्धी व्यवस्था

**१८. निजी क्षेत्रसँग साझेदारी**

१८.१. बढैयाताल गाउँपालिकाले पर्यटन प्रवर्द्धन, पर्यटन सेवा विस्तार, पूर्वाधार विकास, जल-पर्यटन, होमस्टे, धार्मिक तथा सांस्कृतिक पर्यटन कार्यक्रम सञ्चालनका लागि निजी क्षेत्रसँग साझेदारी गर्न सक्नेछ।

१८.२. गाउँपालिकाले पर्यटन क्षेत्रको विकास तथा व्यवस्थापनका लागि सार्वजनिक-निजी साझेदारी मोडेल अपनाउन सक्नेछ।

१८.३. निजी क्षेत्रसँग साझेदारी गर्दा सार्वजनिक हित, स्थानीय हित, सामाजिक मर्यादा, सांस्कृतिक संवेदनशीलता तथा पारदर्शिता कायम गरिनेछ।

**१९. निजी लगानी तथा पर्यटन पूर्वाधार विकास**

१९.१. गाउँपालिकाले होटल, रिसोर्ट, होमस्टे, रेष्टुरेन्ट, जल-पर्यटन सेवा (डुंगा सयर, तैरिने घर, ताल अवलोकन), पर्यटन सूचना केन्द्र, पार्किङ, विश्राम स्थल तथा अन्य पर्यटनसम्बन्धी पूर्वाधारमा निजी लगानी आकर्षित गर्न सक्नेछ।

१९.२. निजी क्षेत्रबाट सञ्चालन हुने पर्यटनसम्बन्धी कार्यक्रम तथा पूर्वाधार गाउँपालिकाले तोकेको मापदण्ड, कार्यविधि तथा स्वीकृति अनुसार सञ्चालन गर्नुपर्नेछ।

१९.३. निजी लगानीले स्थानीय वातावरण, धार्मिक आस्था, संस्कृति तथा सामाजिक सद्भावमा प्रतिकूल असर पार्न पाइने छैन।

**२०. करार सम्झौता तथा सञ्चालन व्यवस्था**

२०.१. पर्यटन क्षेत्रको कुनै सेवा, सुविधा वा गतिविधि सञ्चालन गर्न आवश्यक परेमा गाउँपालिकाले निजी क्षेत्रसँग करार सम्झौता गर्न सक्नेछ।

२०.२. करार सम्झौतामा देहायका विषय स्पष्ट उल्लेख गरिनेछः

(क) सेवा वा पूर्वाधारको प्रकृति

(ख) सञ्चालन अवधि

(ग) लगानी र जिम्मेवारी

(घ) राजस्व बाँडफाँट

(ङ) अनुगमन तथा मूल्याङ्कन व्यवस्था

(च) सम्झौता उल्लङ्घन भएमा लिने कारबाही

२०.३. करार सम्झौता पालना नभएमा गाउँपालिकाले सम्झौता रद्द गर्न वा आवश्यक कारबाही गर्न सक्नेछ।

**२१. स्थानीय प्राथमिकता तथा लाभ बाँडफाँट**

२१.१. निजी क्षेत्रसँग साझेदारी गर्दा स्थानीय उद्यमी, सहकारी संस्था, सामुदायिक समूह तथा स्थानीय लगानीकर्ता वा अन्य लगानीकर्तालाई प्राथमिकता दिइनेछ।

२१.२. निजी क्षेत्रबाट सञ्चालन हुने पर्यटन व्यवसायमा स्थानीय जनशक्ति, महिला तथा युवालाई रोजगारीमा प्राथमिकता दिन प्रोत्साहित गरिनेछ।

२१.३. पर्यटनबाट प्राप्त आर्थिक लाभ स्थानीय विकास र समुदायको हितमा योगदान हुने गरी उपयोग गर्न प्रोत्साहन गरिनेछ।

**२२. अनुगमन तथा नियमन**

२२.१. निजी क्षेत्रसँग साझेदारीमा सञ्चालन हुने पर्यटन कार्यक्रम तथा सेवाको नियमित अनुगमन तथा मूल्याङ्कन गाउँपालिकाले गर्नेछ।

२२.२. अनुगमनका क्रममा ऐन, नियम वा करार विपरीत कार्य भएको पाइएमा गाउँपालिकाले आवश्यक निर्देशन वा कारबाही गर्न सक्नेछ।

## परिच्छेद-८

## पर्यटन प्रवर्द्धन कोष

**२३. पर्यटन प्रवर्द्धन कोष स्थापना**

२३.१. बढैयाताल गाउँपालिकामा पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न “पर्यटन प्रवर्द्धन कोष” स्थापना गरिनेछ।

२३.२. कोष गाउँपालिकाको छुट्टै खातामा सञ्चालन गरिनेछ।

**२४. कोषको स्रोत**

पर्यटन प्रवर्द्धन कोषमा देहायबमोजिमका रकम रहनेछः

(क) गाउँपालिकाबाट विनियोजित बजेट रकम

(ख) संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान वा सहयोग

(ग) पर्यटन क्षेत्रबाट संकलित शुल्क, प्रवेश शुल्क, सेवा शुल्क वा अन्य राजस्व

(घ) निजी क्षेत्र वा अन्य निकायबाट प्राप्त सहयोग, दान वा प्रायोजन

(ङ) अन्य कानुनी स्रोतबाट प्राप्त रकम

## परिच्छेद-९

## विविध

### २५. अनुगमन, निर्देशन तथा कारबाही

२५.१. यस ऐन, यस अन्तर्गत बनेका नियम, कार्यविधि, मापदण्ड वा करार सम्झौता बमोजिम सञ्चालन हुने पर्यटन गतिविधिको अनुगमन गर्ने अधिकार गाउँपालिकालाई हुनेछ।

२५.२. अनुगमनका क्रममा यस ऐन वा सो अन्तर्गत बनेका नियम, कार्यविधि, मापदण्ड वा करार सम्झौताको उल्लङ्घन भएको पाइएमा गाउँपालिकाले सम्बन्धित व्यक्ति वा निकायलाई सुधारका लागि आवश्यक निर्देशन दिन सक्नेछ।

२५.३. उपधारा (२) बमोजिम दिइएको निर्देशन पालना नगरेमा गाउँपालिकाले‘
(क) सेवा वा कार्यक्रम अस्थायी रूपमा स्थगन गर्न,
(ख) अनुमति रद्द गर्न,
(ग) करार सम्झौता रद्द गर्न, वा
(घ) प्रचलित संघीय तथा प्रदेश कानूनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउन सक्नेछ।

२५.४. यस ऐन अन्तर्गत तोकिएको मापदण्ड विपरीत कार्य गर्ने व्यक्ति वा निकायलाई प्रचलित कानूनबमोजिम जरिवाना वा अन्य प्रशासनिक कारबाही गर्न सकिनेछ।

२५.५. यस ऐनअन्तर्गत गरिने कारबाही प्रचलित संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरी गरिनेछ।

### २६. नियम बनाउने अधिकार

२६.१. यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियमावली, कार्यविधि, मापदण्ड तथा निर्देशिका गाउँ कार्यपालिकाले बनाउन सक्नेछ।

२६.२. नियमावली निर्माण गर्दा सम्बन्धित सरोकारवाला निकाय तथा स्थानीय समुदायसँग परामर्श गर्न सकिनेछ।

### २७. कार्यविधि तथा मापदण्ड

गाउँपालिकाले जल-पर्यटन, होमस्टे, निजी क्षेत्र साझेदारी, पर्यटन क्षेत्र व्यवस्थापन सम्बन्धी विस्तृत कार्यविधि तथा मापदण्ड निर्धारण गर्न सक्नेछ।

**२८. बाधा अड्काउ फुकाउने अधिकार**

यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**२९. प्रचलित कानूनसँग बाझिएमा**

यस ऐनका कुनै व्यवस्था प्रचलित संघीय वा प्रदेश कानूनसँग बाझिएमा त्यस्तो बाझिएको हदसम्म अमान्य हुनेछ।

**हिमालय त्रिपाठी**
**अध्यक्ष**